Reg. 20/1205/057/085

Media for Human Rights and Democracy

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication, Nepal

(IHRICON)

श्रृंखला- ५

## सञ्चार अनुगमन

### मासिक प्रतिवेदन- असार २०७१

महिला तथा बालबालिकामाथि हिंसा बढिरहेको देखिएको छ भने पीडकहरु घरपरिवारका सदस्य रहेको यर्थाथ सञ्चार अनुगमनले देखाएको छ । आफ्नै परिवारबाट हिंसा भोगिरहेका नेपाली महिला तथा बालबालिकाको लागि आफ्नो घरसमेत सुरक्षित नभएको पाइएको छ । महिलालाई दाइजो कम ल्याएको भन्दै आफ्नै सासु, ससुराले कुटपिट गर्दै घर निकाला गरेको तथा बालिकाले आफ्नै बाबुद्वारा बलात्कृत हुनुपरेको जस्ता घटनाहरु विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका छन् । महिलाले घरपरिवारको यातना सहन नसकी आत्महत्या गर्नसम्म बाध्य हुनुपरेको, अपाङ्ग महिला तथा ७१ वर्षीय वृद्ध बलात्कारको शिकार हुनुपरेको जस्ता घटनाहरु यस महिना प्रकाशनमा आएका छन् । महिला र बालबालिकामाथि भएको हिंसाका घटनाहरुलाई हेर्दा पीडितले व्यक्तिगत सुरक्षा, गाँस, बास, कानूनी उपचार, स्वास्थ्य उपचारजस्ता सेवाहरुबाट समेत टाढिनु परेको देखिन्छ । आधारभूत दैनिक गुजारामा कठिनाइ भोग्नुका साथै अनेकौं पीडाका कारण आत्महत्या बाध्य भएको पनि यसै महिनाको सञ्चार अनुगमनले देखाएको छ ।

**विषयवस्तु :**

मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) द्वारा राजधानीबाट प्रकाशित राष्ट्रिय दैनिक अखबारमध्ये गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टबाट प्रकाशित समाचारका आधारमा असार महिनामा महिला हिंसाका २३ वटा घटना रिपोर्टिङ्ग भएका छन् । अनुगमनमा परेका राष्ट्रिय दैनिकका अनुसार यस महिनामा ८ महिलाको हत्या भएको छ भने ७ बलात्कारमा परेको छन् । हत्या प्रयास तथा बोक्सीको आरोपमा ३-३ पीडित भएका छन् । कुटपिट र दाइजोका नाममा १-१ पीडित भएका छन् ।



अखबारहरुले यस महिनामा हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १७ वटा पहिचान गरेका छन् जसमा १ बालिकाको हत्या भएको छ । बलात्कारको शिकारमा १२ बालिका परेको देखिन्छ । कुटपिटमा २ बालक र १ बालिका पीडित भएका छन् भने जवर्जस्ती यौन दुर्व्यवहारमा १ बालिका परेका छन् ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार असार महिनामा भएका हतियारजन्य हिंसाका घटनामा महिला, बालबालिका र पुरुष गरी २० जना प्रभावित भएका छन् । घरेलु हतियारको प्रयोगबाट भएको हिंसामा ६ महिला, ६ बालबालिका र ८ पुरुष प्रभावित भएका छन् । प्रभावित हुने महिलामा २ को मृत्यु भएको छ भने ४ घाइते छन् । त्यस्तै ४ पुरुषको मृत्यु भएको छ भने ४ घाइते बनेका छन् भने बालबालिकाको अवस्था हेर्दा ६ बालबालिकाले हतियारजन्य हिंसाको शिकार हुनुपरेको छ ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १५, मध्यमाञ्चल ११, पश्चिमाञ्चल ६ र मध्य-पश्चिमाञ्चल ४ रहेको देखिन्छ । सुदूर पश्चिमाञ्चलमा यस्ता घटना भएको अखबारले समेटेको पाइँदैन ।




जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।